# लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### पशु सेवा शाखा
भजनी, कैलाली
सुदूरपश्चिम प्रदेश,नेपाल

☎०९१-४१९०१५
०९१-४१९०९४
सन्देश सूचना वोर्ड:१६१८०९१४१९०४
इमेल:lamkicm@gmail.com
इमेल:pasusakhalamki@gmail.com
वेवसाइट:lamkichuhamun.gov.np


प.सं.:२०७९/०८०
च.नं.:

## वर्षे घाँसबालीको लागि टियोसेन्टी घाँसको बीउ वितरण कार्यक्रमको लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८०।०१।२४**

आ.व. २०७९।०८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **"वर्षे घाँसको बीउ खरिद वितरण कार्यक्रम"** बमोजिम यस नगरपालिकाको कार्यक्षेत्र भित्र रहेका वर्षे घाँसखेती गर्न ईच्छुक ***व्यवसायिक पशुपालन फर्म/ कृषक समूह***ले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र लम्कीचुहा नगरपालिकाको पशु सेवा शाखामा वर्षे घाँसको बीउ (टियोसेन्टी) प्राप्तिका निमित्त देहायका कागजात सहित आवेदन दर्ता गर्न हुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:-**

१. अनुसूची-२ बमोजिमको निवेदन पेश गर्नु पर्नेछ।

२. व्यवसायिक पशुपालन फर्म/समूहले नवीकरण गरेको प्रमाण-पत्रको प्रतिलिपी तथा निर्णयको प्रतिलिपी पेश गर्नु पर्नेछ।

३. आवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी।

४. घाँसखेती गरिने जग्गाको स्पष्ट क्षेत्रफल खुलेको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपी तथा प्रति जग्गाको हकमा तिरो तिरेको रसिदको प्रतिलिपी।

५. आ.व. २०७९।०८० को सम्पत्ति कर बुझाएको रसिदको प्रतिलिपी।

६. जग्गा भाडामा (लिज) लिएको भए कम्तिमा ५ वर्षको आधिकारिक करारनामा वा सम्झौता पत्रको प्रतिलिपी।

७. सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र।

८. घाँस खेती गर्न चाहेको जमिनको स्पष्ट क्षेत्रफल निवेदनमा समेत (कठ्ठा/ बिगाहा) उल्लेख गर्नु पर्नेछ।

९. घाँसखेती सम्वन्धी तालिम लिएको भए सोको प्रमाण-पत्रको प्रतिलिपी।

**नोट:-** निवेदनको ढाँचा अथवा अनुसुची-२ यस लम्कीचुहा नगरपालिकाको वेभसाइट www.lamkichuhamun.gov.np बाट डाउनलोड गर्न सकिने वा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ। अन्य थप जानकारीको लागि मोवाइल नं. ९८४८४५८४७७ मा सम्पर्क गरेर बुझ्न सकिने छ।

..................
शेर बहादुर बुढा
प्रमुख प्रशासकीय अधिकृत